नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(...अनुसन्धान तथा गुणस्तर सुधार शाखा...)

सानोठिमी, भक्तपुर
मितिः २०७७।१०।०५

पत्र संख्याः २०७७।०७८
च. नं.

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७।१०।०४ मा बसेको निर्देशक समितिको बैठकबाट चालु आर्थिक वर्ष २०७७।०७८का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक सुविधा विस्तार लगायतका कार्यक्रममा सहभागी हुन इच्छुक सार्वजनिक विद्यालयलाइ स्थानीय तहमार्फत प्रस्ताव पेश गर्न बढीमा १५ दिनको समयसीमा दिइ सार्वजनिक सूचना प्रकासन गर्ने निर्णय भएकोले निम्नानुसारका प्राथमिकता क्षेत्र र शर्त बन्देजभित्र रही देहाय अनुसार तोकिएको ढाँचाको प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

### प्रस्तावको लागि प्राथमिकता तोकिएका क्षेत्रहरुः

१ भौतिक पूर्वाधार विकास र पुनसंरचना
२ विद्यार्थीको सिकाइ उपलब्धिस्तर अभिवृद्धि
३ गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि, नवप्रवर्तन र सिकाइ सामग्री व्यवस्थापन
४ प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि

### तोकिएका शर्त बन्देजहरुः

१ विद्यालयले परियोजना प्रस्ताव तयार गर्दा तोकिएको ढाँचामा तयार गर्नुपर्नेछ ।
२ विद्यालयले परियोजना प्रस्ताव माग गर्दा दोहोरो नपर्ने गरी आवश्यकताको आधारमा माग गर्नुपर्नेछ ।
३ प्रस्ताव माग गर्दा एक वा एकभन्दा बढी परियोजनाका लागि बढीमा २५ लाख रुपैयासम्मको प्रस्ताव माग गर्न सकिनेछ ।
४ माग गरिएको परियोजना प्रस्ताव चालु आव २०७७।०७८ भित्र कार्यान्वयन गर्न सकिने खालको हुनुपर्नेछ ।

### प्रस्ताव पेश गर्ने प्रक्रियाः

१ प्रस्ताव पेश गर्न इच्छुक सामुदायिक विद्यालयले तोकिएको ढाँचामा तयार गरेको परियोजना प्रस्ताव विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई निर्णय प्रतिलिपि समेतका कागजातहरु सहित तयार गरेको फाइल मिति २०७७।१०।१५ गतेभित्र स्थानीय तहमा पेश गर्ने ।
२ विद्यालयहरुबाट स्थानीय तहमा प्राप्त भएका प्रस्तावहरु सम्बन्धित स्थानीय तहले प्राथमिकीकरण गरी font Mangal र font size 10 मा देहायको ढाँचामा तयार गरेको Excel Sheet सहितको Electronic Copy र Hard Copy फाइल मिति २०७७।१०।१८ गतेभित्र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा पेश गर्ने ।

२०७७।१०।५

| जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | अनुमानित लागत | सम्लग्न कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

३ स्थानीय तहहरुबाट प्राप्त भएका प्रस्तावहरुलाई आवश्यकता, दुर्गम क्षेत्र र विगतमा प्रवाह भएका कार्यक्रमको अवस्था समेतलाई मध्यनजर राखी स्थानीय तहले प्राथमिकीकरण गरेको विद्यालयको क्रम नबिग्रने र एउटा तहको विद्यालयहरु एकै ठाँउमा रहने गरी शिक्षा विकास तथा समन्वय इकाइले स्थानीय तहगत रुपमा प्राथमिकीकरण गरी font Mangal र font size 10 हुनेगरी देहायको ढाँचामा Excel Sheet तयार गरी editable Excel sheet र प्रमाणित pdf copy दुबै डकुमेन्ट मिति २०७७।१०।२० गतेभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको इमेल ठेगाना perp2077@gmail.com मा पठाइ सक्नुपर्नेछ ।

| जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | अनुमानित लागत | सम्लग्न कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

४ शिक्षा विकास तथा समन्वय इकाइले प्रमाणित Excel Sheet र प्राप्त प्रस्तावहरुलाई विद्यालयगत रुपमा छुट्टाछुट्टै फाइलमा राखी स्थानीय तहगत रुपमा अलग अलग छुट्टिने गरी जिल्ला भरीको सबै सक्कल प्रस्तावहरु मिति २०७७ माघ मसान्तभित्र यस केन्द्रमा आइपुग्ने गरी पठाई सक्नुपर्नेछ ।

**प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः**

१ तोकिएको ढाँचामा विद्यालयले तयार गरेको परियोजना प्रस्ताव

२ विद्यालय व्यवस्थापन समितिको निर्णय प्रमाणित प्रतिलिपि

३ विद्यालयको प्राथमिकताक्रम र कार्यक्रमको दोहोरोपन नपर्ने सुनिश्चितता सहितको स्थानीय तहको सिफारिस पत्र

४ स्थानीय तहको प्राथमिकीकरण सहित सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस पत्र

५ भौतिक निर्माण कार्यको हकमा Cost estimate, drawing design र जग्गाधनी पुर्जाको प्रतिलिपि

**पुनश्चः**

१ परियोजना प्रस्तावका लागि तोकिएको ढाँचा शिक्षा तथा मानव स्रोत विकास विकास केन्द्रको वेवसाइट www.cehrd.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

२ म्याद नाघी प्राप्त भएका र रीत नपुगेका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

३ शिक्षा विकास तथा समन्वय इकाइबाट माथि उल्लेख भए बमोजिम Vatification गरी पठाइएका प्रस्ताव मात्र ग्राह्य हुनेछन् ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको परियोजना प्रस्ताव तयार गर्ने ढाँचा

१. विद्यालयको नाम: IEMIS Code :
२. विद्यालयको ठेगाना: जिल्ला: स्थानीय तहको नाम:
३. सञ्चालित कक्षा: विद्यार्थी संख्या- आधारभूत (कक्षा १-८) जम्मा:
माध्यमिक (कक्षा ९-१२) जम्मा:

४. प्रस्तावित कार्यक्रम / परियोजनाहरु :

| परियोजनाको नाम | अनुमानित लागत | कार्यान्वयन समय | अपेक्षित उपलब्धि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

५. कार्यक्रम कार्यान्वयन संयन्त्र र प्रक्रिया:

यस कार्यक्रमको कार्यान्वयनबाट यस पूर्व कुनै पनि स्रोतबाट कार्यान्वित कार्यक्रमसँग दोहोरोपन नपरेको भन्ने व्यहोरा प्रमाणित गर्दछु ।

हस्ताक्षर:
प्रधानाध्यापकको नाम:
मिति:

विद्यालयको छाप

---

६. स्थानीय तहको कार्यपालिकाको सिफारिस (प्रस्तावित कार्यक्रममा दोहोरोपन नभएको यकिन सहित कार्यक्रमको अत्यावश्यकता प्रमाणित गर्ने )

स्थानीय तहको नाम, ठेगाना,
छाप
हस्ताक्षर :
प्रमुख प्रशासकीय अधिकृतको नाम:
मिति :

पुनश्च :
प्रस्तावित कार्यक्रमको बजेट सीमा यस केन्द्रबाट स्वीकृत कार्यक्रम अनुसार भए सो अनुसार हुने अन्यको हकमा प्राविधिक लागत अनुमान समेत पेश गर्नुपर्नेछ ।